आज मिति २०८२ मंसिर ०७ गते आईतबारका दिन यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा ज्यूको** अध्यक्षतामा बसेको कार्यपालिका बैठकको उपस्थिति र निर्णयहरु तपसिल बमोजिम रह्यो ।

तपसिल

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री कर्मा तेन्जेन लामा | का.वडा अध्यक्ष वडा नं. ४ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री पेमा धार्जे लामा | का.वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | **अन्य उपस्थिति** | | |
| १५ | लक्ष्मण गौली | इन्जिनियर (सातौं) | |
| १६ | महेश पाखिन | कृषि अधिकृत | |
| १७ | रुपा वली के.सी. | लेखापाल | |
| १८ | वीरेन्द्र सिंह बोहरा | एम.आई.एस. अपरेटर | |

CamScanner

**प्रशतावहरू**

१. मिति २०८२।०७।२८ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन अवस्था र चौमासिक प्रगतीको समिक्षा सम्बन्धमा ।

२. नार्पा भुमि गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८२

३. नार्पा भूमि गाउँपालिकाको मिशन रोजगारी सम्बन्धी कार्यविधी, २०८१

४. नार्पा भुमि गाउँपालिकाको ब्युटिफिकेशन सम्बन्धी कार्यविधी, २०८२

५. भ्रमण सम्बन्धमा ।

६. हिउँदे बिदा सम्बन्धमा।

७. सार्वजनिक सम्पतीको संरक्षण सम्बन्धमा ।

८. वन लसुन संकलन तथा दाउरा कटान सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रशताव नं १ माथि छलफल गर्दा मिति २०८२।०७।२८ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन अवस्था र चौमासिक प्रगतीको समिक्षा गरियो ।

२. प्रशताव नं २ माथी छलफल गर्दा नार्पा भूमि गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न होटल तथा पसलहरूको अनुगमन गर्नको लागि नार्पा भूमी गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८२ पारित गरियो ।

३. प्रशताव नं ३ माथी छलफल गर्दा नार्पा भुमि गाउँपालिकाको युवायुवतीहरूलाई स्वरोजगार बनाउने उदेश्यले नार्पा भूमि गाउँपालिकाको मिशन रोजगारी सम्बन्धी कार्यविधी, २०८२ पारित गरियो ।

४. प्रशताव नं ४ माथी छलफल गर्दा नार्पा भूमि गॉउपालिकाभित्र रहेका हिमश्रृङखला, नारफू ट्रायाल, हिमाल आरोहणका बेसक्याम्प, पास, भञ्ज्याङहरुको सौन्दर्यकरण तथा व्यवस्थित गर्न, प्राचिन र पुरातात्विक महत्वका संरचना र भग्नावशेषहरुको संरक्षण, जगेर्ना तथा प्रचार-प्रसार गर्न,

प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र पर्यटन सम्भावनाले सम्पन्न नार्पा भूमि गाउँपालिकालाई पर्यटकमैत्री, हरियालीयुक्त र आधुनिक शहरी स्वरुपमा विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न, सार्वजनिक स्थानहरुको व्यवस्थित व्यवस्थापन, सौन्दर्यकरण, पर्यटकका लागि आवश्यक आधारभूत पूर्वाधारको निर्माण तथा संरक्षण कार्यलाई संस्थागत ढंगले अगाडि बढाउन, गाउँपालिकाको भौतिक पूर्वाधारमा सुधार गर्न, गाउँपालिका भित्र रहेका हिमश्रृङ्खला, पर्यटनको प्रवर्द्धन गरी स्थानीय आय वृद्धि गर्न र सामुदायिक जीवनस्तर उकास्न नार्पा भुमि गाउँपालिकाको ब्युटिफिकेशन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधी, २०८२ पारित गरियो ।

५. प्रश्ताव नं ५ माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८२।८३ मा रहेको असल अभ्यास कर्मचारी भ्रमण र माहिला स्वास्थ्य स्वयंम सेविका कार्यक्रम अन्तर्गत अन्य पालिकाको असल अभ्यास सिकाईको लागि भ्रमण स्वीकृति गरियो ।

६. प्रश्ताव नं ६ माथी छलफल गर्दा यस पालिकामा अत्याधिक चिसो कारण मंसिर १६ गते देखि चैत्र १५ गते सम्म पालिका केन्द्र च्याँखुवाट प्रदान गरिदै आएको सबै सेवा मानाङ जिल्ला सदरमुकाम चामे स्थित कोतो भन्ने ठाउँवाट प्रदान गर्ने निर्णय गरियो ।

७. प्रश्ताव नं ७ माथि छलफल गर्दा सार्वजनिक सम्पतीको सुरक्षा र संरक्षण गर्ने सबै नागरिकको संवैधानिक कर्तव्य रहेको हुँदा नार्पावासी नागरिक, कर्मचारी र जनप्रतिनिधिले सार्वजनिक सम्पती व्यक्तिगत प्रयोजनमा प्रयोग नगर्ने र सो को उचित संरक्षण गर्ने निर्णय गरियो ।

८. प्रश्ताव नं ७ माथि छलफल गर्दा नार्पा भुमि गाउँपालिका क्षेत्रभित्र अनाधिकृत रुपमा बढ्दै गएको वन लसुन संकलन कार्य र दाउरा कटान रोक्न सार्वजनिक सूचना जारी गर्ने तथा अटेर गर्ने व्यक्तीलाई सख्त कारवाही गर्ने निर्णय गरियो ।

CamScanner